# करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८२

स्वीकृत मिति २०८२/०८/२९

प्रस्तावनाः नेपालको संविधानको धारा ३४ को उपधारा (२) अनुसार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई सुनिश्चितता गर्न वाञ्छनिय भएकाले तानसेन नगरपालिकाको प्रशासकीय गतिविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी तानसेन नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि तानसेन नगरकार्यपालिकाले पारित गरेको मिति देखी लागु हुनेछ ।

## २. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "कार्यविधि" भन्नाले "करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८२" सम्झनु पर्छ ।

(ख) "नगरकार्यपालिका" भन्नाले तानसेन नगरकार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले तानसेन नगरपालिकालाई सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले तानसेन नगरपालिकाको सभालाई सम्झनु पर्छ ।

(ङ) "वडा" भन्नाले तानसेन नगरपालिकाका सबै वडा कार्यालयहरुलाई सम्झनु पर्छ ।

(च) "प्रमुख" भन्नाले तानसेन नगरकार्यपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(छ) "उप प्रमुख" भन्नाले तानसेन नगरकार्यपालिकाको उप प्रमुखलाई सम्झनु पर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तानसेन नगरकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(झ) "सामाजिक सुरक्षा कोष" भन्नाले संघीय सरकारबाट बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को कोषलाई सम्झनु पर्छ ।

(ञ) "करारका कर्मचारी" भन्नाले तानसेन नगरपालिका, नगरकार्यपालिका कार्यालय अन्तर्गत कार्यरत करार कर्मचारीहरुलाई सम्झनु पर्छ ।सो शब्दले ३ वर्ष भन्दा अगाडी देखि संघीय सरकार र प्रदेश सरकारको कार्यक्रम तर्फ एकल वा नगरपालिकासँगको साझेदारीमा करारमा नियुक्त भई अविछिन्न रुपमा कार्य गरिरहेका कर्मचारीहरु समेत बुझिनेछ ।

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

**३. जिम्मेवारी र उत्तरदायित्व:**

(१) नगरपालिका भित्र, वडा कार्यालय र यस मातहत रहेका तानसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनु तानसेन नगरपालिका नगरकार्यपालिका कार्यालयको जिम्मेवारी रहने छ ।

(२) नगरकार्यपालिकाले आफ्ना करार कर्मचारीहरुका लागि बार्षिक रुपमा आवश्यक पर्ने रोजगारदाताले बुझाउनु पर्ने २० प्रतिशत रकम सुनिश्चितता गरी नगरसभाबाट बिनियोजित गराउनु पर्नेछ ।

(३) तानसेन नगरपालिका नगर कार्यपालिका कार्यालयमा कार्यरत करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भए पश्चात स्वतः लागु हुनेछ । कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्य तानसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालयले गर्नुपर्नेछ ।

(४) तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध हुन ईच्छुक कर्मचारीहरुको खाईपाई आएको तलबको कम्तिमा ६० प्रतिशत तलबलाई आधारभूत तलब मानी त्यसको २० प्रतिशत रोजगारदाताबाट र ११ प्रतिशत योगदानकर्ताको तर्फबाट सामाजिक सुरक्षा कोषमा जम्मा गर्नेछ ।

**४. समिति गठन:**

(१) करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचिकृत गरि आवद्ध गराउन देहाय वमोजिमको समिति गठन गरिनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ग) सूचना प्रविधि शाखा प्रमुख - सदस्य

(घ) कर्मचारी प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) नगरकार्यपालिका वा अन्तरगतका कार्यालयहरुमा निरन्तर ३ वर्ष वा सो समय भन्दा बढी सेवा अवधि कार्य गरेका करार कर्मचारीहरु योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध वा सूचिकृत हुने संख्याको एकिन गर्ने ।

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

(ख) नेपाल सरकारले जारी गरेको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, सो सम्वन्धमा बनेका नियमावली, कार्यविधि, राजपत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा गरिएका परिपत्रहरुमा सम्वन्धित रहेर करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गराउने ।

(ग) अनलाईन माध्यमबाट नगरकार्यपालिकालाई रोजगारदाताको रुपमा र करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न सामाजिक सुरक्षा कोषसंग समन्वय गरी सूचिकरण गर्ने वा गराउने ।

(घ) करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न अन्य आवश्यक कार्य गर्ने ।

**५. थपघट, हेरफेर वा संसोधनः**

नगरकार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**६. बाधा अड्काउ फुकाउः**

यो कार्यविधि कार्यान्वयनको सम्वन्धमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**७. खारेजी तथा बचाउः**

यस कार्यविधिमा व्यवस्था भएका कुराहरु प्रचलित कानूनसँग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

प्रमाणिकरण मितिः२०८२/०९/२२

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

आज्ञाले
चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची -१

निवेदनको ढाँचा

मिति - २०८२/...../.....

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा ।

**बिषय : सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सुचिकृत गरिदिनुहुन ।**

प्रस्तुत विषयमा तानसेन नगरपालिकाको मिति २०८२।....।..... गते प्रकाशित सूचना बमोजिम यस तानसेन नगरपालिका अन्तर्गतका कार्यालयमा म करार सेवामा कार्यरत रहेकाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २१ अनुसार योगदानकर्ताको रुपमा सूचीकृत हुन ईच्छुक भएको हुँदा तानसेन नगरपालिकाको करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८२ बमोजिम सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचिकृत गरिदिनुहुन तपसिलको विवरण सहित यो निवेदन पेश गरेको छु ।

तपसिल

| | |
|---|---|
| First name | |
| Mid name | |
| Last Name | |
| Gender | |
| DOB(YYYY.MM.DD) | |
| Country | |
| Email | |
| Contact Type | |
| Contact No | |
| Document | |
| Document No | |
| Issuing Office | |
| Issued Date(YYYY.MM.DD) | |
| Employement Type | |
| Post | |
| Join Date(YYYY.MM.DD) | |

निवेदक
हस्ताक्षर:
नाम:
पद:

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

गिरी
प्रमुख प्रशासकीय अधिकृत